# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७८/७९
च.नं. ५१६

मिति २०७८।११।०२

विषय : न्यूनतम रोजगारमा संलग्न हुनको लागि निवेदन दिने बारे सूचना ।

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च नं/PMEP २४० मिति २०७८।१०।२६ को पत्रानुसार आगामी आ. व. २०७९।०८० मा सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला,आदिवासी,जनजाति ,दलित तथा अन्य सिमानतकृत समुदायलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम " <u>न्यूनतम रोजगार नागरिकको अधिकाकार "</u> अभियान अन्तर्गत १८ वर्ष देखि ५९ वर्ष उमेर समुहका बेरोजगार व्याक्तिले २०७८ फागुन १ गते देखि फागुन २८ गते भित्र आफू स्थायी बसोवास गरेका वडा कार्यालयमा गई बेरोजगार आवेदन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।निवेदनको ढाँचा गाँउपालिकाको वेवसाइट Chhatrakotmun.gov.np मा उपलब्ध रहेको छ ।

<u>फाराम भर्दा आवश्यक पर्ने कागजातहरु</u> :

१ .निवेदकको नागरिकता प्रमाणपत्र प्रतिलिपि ।

२. निवेदकको सम्पूर्ण परिवारका सदस्यहरुको नागरिकता ।(छुट्टिएर अगल बसेका सदस्य र विवाह भएर गईसकेको सदस्यको नागरिकता आवश्यता नर्पने )

३. निवेदकको परिवारका सदस्यहरु मध्ये नागरिकता बनिनसकेको सदस्यहरुको हकमा जन्मदर्ताको प्रतिलिपि ।

४.निवेदन दिन चाहाने बेरोजगार व्याक्ति सोहि वडाको स्थायी बासिन्दा हुनुपर्नेछ भने अन्यत्रबाट बसाईसराई गरेको हकमा बसाईसराईको कागजपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५.निवेदकको पासपोर्ट साइवको फोटो एक प्रति।

पुनश्च: गत आ . व. मा फाराम नविकरण गरेका व्याक्तिले समेत पुन फाराम भर्नुपर्नेछ र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक (रु ५७७००) भन्दा कम आय भएको हुनुपर्ने । सम्पूर्ण प्राप्त आवेदनलाई रोजगार व्यावस्थापन सूचना प्रणालीमा रोजगार सेवा केन्द्रले प्रविष्ट गरेपछि मात्र कार्यान्वयन प्रकृया अगाडी बढाईने भएकाले फाराममा भएका सम्पूर्ण तथ्ङ्क अनिर्वाय रुपमा नभरेको खण्डमा सो आवेदन उपर कुनै कामकारवाही अगाडी बढाउन नसकिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।थप जानाकारीको लागि छत्रकोट गाँउपालिका रोजगार सेवा केन्द्रको मोवाइल नं ९८६३५०८०९८ र ९८४७११३२९८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

२०७८।११।२

शोभा श्रेष्ठ
रोजगार संयोजक
रोजगार संयोजक

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. - ९८५७०६७९०८ | ईमेल - info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np